(बैठक संख्या ८८)

आज मिति २०८१ साउन महिनाको ३१ गते नेपाल सम्वत ११४४ गुंलाथ्व १० विहिवारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थिति निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | गौतम भण्डारी | सदस्य सचिव | गो न पा १४, गोरखा | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | कैलाली | |

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ८८

मितिः २०८१/०४/३१

ने.स ११४४ गुल्लाथ्व दशमी, सोमवार

## कार्यपालिका बैठकका प्रस्तावहरु

१। समिक्षा
२। दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा।
३। सामिको कर्मचारी आन्तरीकरण गर्ने सम्वन्धमा।
४। न्यायीक समिति सहजकर्ता सम्वन्धमा भएको निर्णय समर्थन गर्ने सम्वन्धमा।
५। लिगलिग महोत्सव /दौड संचालन गर्ने सम्वन्धमा।
६। मिरकोटको CLC सम्वन्धमा।
७। पाईप/ जालीको प्रभावकारी उपयोग सम्वन्धमा।
८। पशु अधिकृतको नियुक्ति समर्थन गर्ने सम्वन्धमा।
९। कार्यक्रम कार्यान्वयन कार्यविधि पारित गर्ने सम्वन्धमा।
१०। विविध

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

Scanned with CamScanner

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा गत कार्यपालिकाको बैठक पश्चात हाल सम्म भए गरेका कार्य प्रगति तथा दैनिक कार्य संचालन गर्दा आई परेका समस्याहरुको विषयमा छलफल भयो ।

२. प्रस्ताव नं २ मा छलफल गर्दा नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रममा दुध उत्पादनमा आधारित अनुदान वितरण गर्ने कार्यक्रम भएकोले दुधको उत्पादन खस्किन नदिन, साविकमा भन्दा उत्पादन र उत्पादकत्व बढाउन र नगरपालिकालांई दुधमा आत्म निर्भर बनाउन, दुग्ध उत्पादन पेशालाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवम् दिगो व्यवसायी बनाउने कार्यलाई सुव्यवस्थित, सहज र बैज्ञानिक रुपमा कार्यक्रम संचालन गर्न वाञ्छनिय भएकाले पालुङटार नगरपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि निर्माण गरिएको दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा यस नगरपालिकामा कार्यरत रहेन गरि संचालन गरिदै आएको कार्यक्रम सुरक्षित आप्रवास कार्यक्रमलाई संघिय सरकारको निर्णय बमोजिम ५० प्रतिशत साझेदारी गर्ने गरि आर्थिक बर्ष २०८१-८२ को साउन १ गते देखि आन्तरिकरण गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रम अन्तर्गत रहेको कर्मचारीहरुलाई समेत आन्तरिकरण गर्ने निर्णय गरियो। सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०८० को दफा २० बमोजिम सो शाखा अन्तर्गत कार्यरत तपसिल कर्मचारीहरुको सेवा सुविधा तथा पद र तह निम्नानुसार हुने निर्णय गरियो ।

| क्र.स | पद | तह | नामथर | कैफियत |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | कमल पोखरेल | |
| २ | वित्तीय साक्षरता सहजकर्ता | पाँचौ | मञ्जु घिमिरे | |
| ३ | रिटर्नी परिचालक | श्रेणी विहीन | कमल गुरुङ | सामाजिक परिचालक स्तरको तलब भत्ता पाउने |
| ४ | रिटर्नी परिचालक | श्रेणी विहीन | जोनी सुनार | सामाजिक परिचालक स्तरको तलब भत्ता पाउने |

४. प्रस्ताव नं ४ मा छलफल गर्दा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको पत्रानुसार यस स्थानीय तहमा न्यायिक समितिको काम कार्वाहीलाई सहजीकरण गर्न तथा दैनिक प्रशासनीक कार्यमा कानूनी दृष्टिकोणबाट सहयोग गर्नका लागि स्थानीय तहलाई १ जना न्यायिक सहजकर्ताको पारिश्रमिक साझेदारी गर्ने प्रतिवद्धता माग भई आएकोले मिति २०८१-०४-१७ च.न. ८८ मार्फत श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको प्रतिबद्धता पत्रलाई समर्थन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ मा छलफल गर्दा नगरपालिकाको विभिन्न पर्यटकीय क्षेत्र प्रर्वधन गर्ने उद्धेश्यले पालुङटार नगरपालिका वडा नं २ मा रहेको ऐतिहासिक तथा पर्यटकीय स्थान लिगलिगकोटमा मिति २०८१-०६-१७ गते देखि २०८१-०६-२१ गते सम्म संचालन हुने गरि प्रथम लिगलिगकोट महोत्सव-२०८१ संचालन गर्ने निर्णय

Scanned with CamScanner

गरियो। साथै महोत्सवको अन्तिम दिन २१ गते लिगलिग दौड (लिगलिगे राजा बन्ने) दौड संचालन गर्ने निर्णय गरियो। साथै उक्त महोत्सव सञ्चालन गर्न विभिन्न उपसमितिहरु समेत निर्माण गर्ने निर्णय गरियो।

व्यवस्थापन समिति-संयोजकः कृष्ण बहादुर थापा मगर

प्रचारप्रसार समिति- संयोजकः रविन्द्र अधिकारी

स्वास्थ्य व्यवस्थापन समिति- संयोजक- कृष्ण बहादुर परियार

६. प्रस्ताव नं ६ मा छलफल गर्दा यस नगरपालिका वडा नं ९ मा रहेको बिरकोट सि एल सि भवनमा मिति २०८१-०४-११ गते अज्ञात समुहबाट भएको आगजनी प्रति गम्भिर ध्यानकर्षण भएको र सोको गहिरो अध्ययन गरि दोषी माथी कडा कार्वाही गर्न सम्बन्धित कार्यालयको ध्यानाकर्षण गराउने तथा आवश्यक सहजिकरण गर्ने निर्णय गरियो। साथै यस्ता अपराधिक घटना हुन नदिन सबै पक्षलाई सर्तक हुन अनुरोध गर्ने निर्णय गरियो। साथै अर्को निर्णय नहुँदा सम्मका लागि उक्त सामुदायिक सिकाई केन्द्रका सबैटरी क्रियाकलापहरु स्थगन गर्ने निर्णय समेत गरियो।

७. प्रस्ताव नं ७ मा छलफल गर्दा यस नगरपालिकाको आर्थिक बर्ष २०७९-८०, २०८०-८१ मा यस नगरपालिका मार्फत वितरण भएको पाईम र जालिहरुको प्रभावकारी उपयोगको विषयमा शंकापैदा भएकोले सोको निरिक्षण गरि प्रतिवेदन पेश गर्ने गरि वडा समितिलाई र वडा प्राविधिकलाई निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव नं ८ मा छलफल गर्दा यस नगरपालिकामा पशु विकास अधिकृतको रिक्त पदमा मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय गण्डकी प्रदेश पोखराबाट बढुवा भई आउनु भएको श्री लेखनाथ अर्याललाई मिति २०८०/०३-२० गतेको नगरपालिकाको निर्णय बमोजिम दिईएको नियुक्तिलाई समर्थन गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ मा छलफल गर्दा यस नगरपालिकाको १५औ नगरसभाबाट पारित भएको विभिन्न शाखा अन्तर्गत रहि कार्यान्वयन हुने कार्यक्रमहरुको कार्यान्विय कार्यविधि पारित गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं १० क मा छलफल गर्दा चालु आर्थिक बर्षको बजेट समयमा नै गुणस्तरियता कायम गरि कार्यान्वयन गर्नका लागि सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो।

११. प्रस्ताव नं १० ख मा छलफल गर्दा यस नगरपालिका वडा नं ७ मा रहेको जीवन ज्योति माध्यामिक विद्यालयका प्रधानाध्यापक श्री बन्द्री बहादुर पाण्डे र सोही विद्यालयको सहायक कर्मचारी श्री सुशिला गुरुङको सयुक्त दस्तखतबाट संचालनमा रहेको कृषि विकास बैकको खाता विगत दुई बर्ष देखि रोक्का रहेकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०८०-०८-१८ गतेको निर्णय बमोजिम रोक्का फुकुवा गर्ने निर्णयको आधारमा उक्त विद्यालयको रोक्का रहेको खाता संचालन गर्न सम्बन्धित पक्षलाई सिफारीस गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं १० ग मा छलफल गर्दा यस नगरपालिकाको आर्थिक ऐन २०८१ मा आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं १० घ मा छलफल गर्दा जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदन दिएका सुझाव तथा पृष्ठपोषण सम्बन्धमा छलफल गरियो।